शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
२०७३

गण्डकी प्रदेश, नेपाल
332F+6GG

पत्र सङ्ख्याः २०८१/०८२

चलानी नं.: २०४६

मितिः २०८२/०२/१३
ने.सं. ११४५ बछलागा ३०, मङ्गलवार

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

श्री यो जो जससँग सम्बन्धित छ ।

प्रस्तुत विषयमा तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिका अन्तरगत वडा नं. ११, साँखे, तनहुँमा सञ्चालित श्री आधारभूत माध्यमिक विद्यालयमा रिक्त रहेको **माध्यमिक तह तृतीय श्रेणी गणित विषय**को शिक्षक पदमा सरुवा प्रक्रिया अगाडी बढाई दिनु हुन भनी उक्त विद्यालयको च.नं.९८ मिति २०८२/०२/१३ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्च:**

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना adharbhutschool22@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

**बोधार्थ**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, तनहुँ ।
श्री आधारभूत माध्यमिक विद्यालय, शुक्लागण्डकी न.पा. ११, साँखे, तनहुँ ।

(नवराज चापागाईं)
उपसचिव
(अधिकृत स्तर नवौं)